बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रदेश दुग्ध विकास बोर्ड

पत्र संख्याः २०८१/८२
च:.नं. ४३

हेटौंडा, नेपाल ।

मितिः २०८१/०६/२२

श्री पशु सेवा कार्यालय,
काभ्रे/ललितपुर/दोलखा/धादिङ्ग/सिन्धुली/चितवन/मकवानपुर/नुवाकोट।

विषयः सुचना टाँस सम्बन्धमा।

प्रस्तुत विषयमा यस प्रदेश दुग्ध विकास बोर्डको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रमको आवेदन आव्हानको सूचना प्रकाशन भएको हुदाँ तहाँ कार्यालयमा यसै पत्र साथ संलग्न सूचना टाँस र सबै स्थानिय तहहरुमा जानकारीको लागी सूचना पठाई साथै आवेदन दर्ता गरी सहयोग गरिदिनु हुन अनुरोध गर्दछु।

विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं.: १०२२
दर्ता मिति: २०८१/०७/२२
दर्ता समय:

.........................
डा. राम प्रकाश प्रधान
निर्देशक

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल ।

## आवेदन आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८१/०६/२२

सूचना नं.-०१

प्रदेश दुग्ध विकास बोर्ड, बागमति प्रदेश, हेटौंडाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार" साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" अनुसार साईलेज खरिद गर्न बागमती प्रदेशका सहकारी संस्था / कृषक समुह/ निजी फर्मले यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र (२०८१/०७/१२) प्रदेश दुग्ध विकास बोर्ड वा जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुमा देहाय बमोजिमको कागजात सहित आवेदन दिन हुन यो सुचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनोटका लागि समावेश हुन नसक्ने व्यहोरा जानकारी गराईन्छ ।

पेश गर्नुपर्ने कागजातहरूको विवरण:

- रू १०।- को हुलाक टिकट टाँस गरी अनुसुचि-५ बमोजिमको निवेदन,
- संस्था दर्ता तथा नविकरणको प्रमाणको प्रतिलिपि,
- प्यान दर्ताको प्रतिलिपि, गत आ.व. को कर चुक्ता प्रमाण पत्र,
- दुध उत्पादनको परिमाण खुल्ने प्रमाण पत्र,
- मौजुदा गाई/ भैसीको संख्या (फोटो सहित) ।
- गाई भैसीको बिमा

नोटः-थप जानकारीको लागी बोर्डको फोननं.०५७-५९०५९१, ०५७-५९०४९१ मा सम्पर्क राख्नु हुन र वेभसाईट pddb.bagamati.gov.np बाट साइलेज प्रोत्साहान तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यन्वयन कार्यविधि, २०७९ डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ।

डा. राम प्रकाश प्रधान

निर्देशक